PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत ०१ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 14 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १९८

## तराईका जिल्लामा नसर्ने रोगका कारण मृत्युदर बढ्दै

प्रस, वीरगंज, २९ फागुन/

पर्सा, बारा र रौतहटसमेत तराईका जिल्लामा नसर्ने रोगको कारण बिरामीको मृत्युदर बढ्दै गएको छ ।

तराईका जिल्लामा रोग लागेर मृत्यु भएकामध्ये करीब ६० प्रतिशत मानिस नसर्ने प्राणघातक रोगको कारण मृत्यु भएको एउटा तथ्याङ्कले देखाएको छ । वीरगंजका एक दर्जनभन्दा बढी अस्पतालमा भर्ना भएका बिरामीमध्ये ६० प्रतिशत नसर्ने रोगबाट ग्रसित भएको चिकित्सकहरूले बताएका छन् ।



नारायणी अस्पताल वीरगंज । तस्वीर: फाइल

एक व्यक्तिबाट अर्कोमा तत्काल नसर्ने, छिटो कुनै पनि शारीरिक परिवर्तन नदेखिने, प्रतिक्रिया नजनाउने भएपनि नसर्ने रोगले बिस्तारै मानिसको ज्यान लिने गर्दछ ।

जतिसुकै उपचार गरे पनि निको नहुने भन्दै स्वास्थ्यकर्मीले खानपान र बानी व्यवहारमा परिवर्तन गर्न सर्वसाधारणलाई सुझाएका छन् ।

नारायणी अस्पतालका चिकित्सक उदयनारायण सिंहले चिल्लो, मसलादार खाना नखान, मदिरा, धुम्रपान नगर्न, नियमित व्यायाम गरेको खण्डमा धेरै किसिमका प्राणघातक रोगबाट बच्न सकिने बताएका छन् । अहिले तराईका जिल्लाहरूमा क्यान्सर, मुटु, मिर्गौला, उच्च रक्तचाप, मधुमेह जस्ता नसर्ने प्राणघातक रोगबाट मानिसको मृत्युदर बढेको डा सिंहले बताए । सामान्य अवस्थाभन्दा फरकरूपमा रक्तचाप तथा मधुमेह देखिने बित्तिकै ख्याल गर्न सकियो भने नसर्ने रोगको आक्रमणबाट बच्न सकिने उनको भनाइ छ । रोग लाग्ने सङ्केत देखियो भने त्यसलाई न्यूनीकरण गर्न सकिने डा सिंहले बताए । मस्तिष्कघात, उच्च रक्तचाप, मधुमेह जस्ता समस्याका कारण मानिसमा दीर्घरोग देखा पर्ने उनको भनाइ छ । नसर्ने रोगको सङ्क्रमण बढ्न थालेपछि सरकारले गरीब तथा विपन्न परिवारलाई उपचार बीमा गर्दै आएको छ । नसर्ने रोग लागेपछि उपचार गराउँदा निको पार्न गाऱ्हो हुने, खानपानमा धेरै ख्याल गर्नुपर्ने, नियमित चिकित्सकको सल्लाहमा बस्नुपर्ने, स्वास्थ्य जाँच नियमित गराइरहनुपर्ने उनले बताए ।

## ११ जना महिलासहित ११७ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २९ फागुन/

वीरगंज महानगरपालिकमा शनिवार दुई स्थानमा भएको रक्तदान कार्यक्रममा ११ जना महिलासहित ११७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

स्व विकास पटेलको स्मृतिमा उनका साथी र परिवारजनले वीरगंज-११




तस्वीर: प्रतीक

(बाँकी अन्तिम पातामा)

## आगलागी र चट्याङबाट क्षति

प्रस, वीरगंज, २९ फागुन/

कालिकामाई गाउँपालिका-४ पशुरामपुरमा गएराति आगलागी भएको छ ।

स्थानीय मजहर देवानको घरमा हावाहुरीको बेला खाना पकाउने क्रममा आगलागी भएको थियो । हावाको कारण चुलोबाट आगो उछिटिएर आगलागी भएको इलाका प्रहरी कार्यालय पोखरियाले बताएको छ । आगलागीबाट फुसको घर जलेर नष्ट भएको र घरमा रहेको भाँडाबर्तन, लत्ताकपडा, खाद्यान्न जलेर नष्ट भएको छ ।

यसैगरी, गएराति नै चट्याङ लागेर बहुदरमाई नगरपालिका-४ बहुअरीमाको एक घरमा क्षति पुगेको छ । स्थानीय राधा साह तेलीको घरमा चट्याङ खस्दा घरमा रहेका विद्युतीय मिटरबक्स, पानी तान्ने मोटर, पङ्खासहितका विद्युतीय सामग्रीमा क्षति पुगेको साहले बताए ।

## Vacancy Announcement


**Sparsha Multispeciality Hospital Pvt. Ltd.**, Bahuwari, Birgunj is seeking application from highly motivated professionals for the following post.

| S.N | Position | Requirement |
|---|---|---|
| 1. | Reception/Front Office Assistant | Intermediate Degree in any discipline. |
| 2. | Matron | MN\BN\B.Sc. Nursing with minimum 2 years' experience. |
| 3. | BN/B.ScNursing/PCL. Nursing/ HA/CMA/ANM | BN/B.Sc.Nursing/PCL Nursing/ HA/CMA/ANM with council registration certificate. |
| 4. | OT Technician | At least one year of experience. |
| 5. | Assistant Pharmacist | Diploma in Pharmacy with council registration certificate. |
| 6. | Assistant Accountant | BBA/BBS with experience in same filled. |
| 7. | Medical Lab Technician | BMLT/CMLT. |
| 8. | Marketing Officer | Bachelor Degree. |
| 9. | Bio Medical Technician | Diploma in Biomedical equipment engineering. |
| 10. | House Keeping Staff | |
| 11. | Security Guard Male/Female | |

Interested candidates are requested to send their updated CV and PP size photo in hospital reception or Gmail: **hrdsparsha@gmail.com** within 15 days from the date of publication.

## वीरगंज महानगरपालिका-६ रेशमकोठीस्थित इनरबाइपासनजीकका जग्गा बिक्रीमा

सम्पर्क: ९८२६२८४९२५




| नं. | पूर्व | पश्चिम | उत्तर | दक्षिण | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | २७..६" | २७..६" | ५१..९" | ४८..९" | 0-0-७-८ |
| २ | २८... | २८... | ४८..५" | ४८..९" | 0-0-७-८ |
| ३ | २८..५" | २८..२" | ४८..९" | ४८..३" | 0-0-७-८ |
| ४ | २८..५" | २८..५" | ४८..३" | ४८... | 0-0-७-८ |
| ५ | ४५..४" | ४६..४" | ४८... | ४७..६" | 0-0-१२ |




GOLCHHA GROUP

SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.

Narayanchaur, Naxal, Kathmandu Ph. No: +977-01-5909999
url: www.golchhagroup.com.np www.facebook.com/bajajRENepal

Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555

आर्या मोटर्स, धनुषा, ९८२६८६१६१९, ९८०१६२३४२५। अन्भी अर्नभ ट्रेडर्स, जनकपुर, ९८०१६२०८७२, ९८०७८४९६७७। रितिक इन्टरप्राइजेज, लालबन्दी, ९८०२७७२०५२, ०४६-५०१६८७ । अटोबजार, बर्दिबास, ९८०११९८९८९८। अटोबजार, सिमरा, ९८१४८३३३०४। जय बौधिमाइ ट्रेडर्स, गारुडा, ९८०३४६१३९५, ०५५-५६५२१५। नित्यम टेडर्स, निजगढ, ९८५५०४४१७४ ०५३-५४००७९। होराइजन अटो प्रा.लि, हेटौडा, ९८५५०६८४६१। आयाम मोटर्स, पर्सा, ९८५५०६०९०३, ०५६-५८३६७३। अनुसी अटो ट्रेडर्स, भरतपुर, ९८५५०६०९०३, ०५६-५२३६२५

**मनुष्य जीवनलाई सुसज्जित गर्ने बहुमूल्य आभूषण उसको सुयश हो । यशस्वी पुरुष नै सबैभन्दा बढी भाग्यवान् हो ।**

**-विचारसार र सूक्तिहरू**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कर्मजन्य संस्कारबाट मुक्ति

पूर्णिमाको दिन थियो । पूर्णचन्द्रको ज्योत्स्नाले जल, थल, नभलाई प्रकाशित गरिरहेको थियो । शुभ्र आकाश त्यस दिन अतिशुभ्र देखिएको थियो । किनभने निशिपति (चन्द्रमा) ताराहरूको पुष्पहार लगाएर गगनविहार जो गरिरहेका थिए । उनी आफ्ना सहस्र रश्मीकणद्वारा चारैतिर जुनेली छरिरहेका थिए । यस उज्ज्वल धवल जुनेलीको संस्पर्शले तल तालको शुभ्रता अझ सम्मोहक लागिरहेको थियो । तालको आरोह–अवरोहले तरङ्गित लहरमा जुनेलीको नृत्य हृदयाकर्षक देखिन्थ्यो । यस्तो लाग्दथ्यो मानौं आज निशिपति आफ्ना समस्त जुनेली समेटेर यस तालमा अवतरण गरेका छन् । जसरी तालको पारिपट्टि उभिएको पर्वतशिखरमा चन्द्रमाको जून व्याप्त थियो, त्यसैगरी रत्नालीको मनमा महावृषप्रति आत्मीयता पनि व्याप्त थियो ।

**रत्नालीले भनिन्– “बाबा ! जस्तो हाम्रो प्रकृति हुन्छ, के त्यसैअनुरूप योनि पाइन्छ ?” महावृषले भने– “पुत्री ! तमस्‌को सघनतामा पशु, कीटक, पिशाच आदि बन्दछन् । यसको सघनताअनुरूप नै कीट–पतङ्गको योनिमा जन्म हुन सक्छ । कूकर–शूकर योनिमा पनि जन्म हुन सक्छ ।**

महावृष महात्मा थिए, तर उनको यस संसारसँग कर्मभोग पूर्णतः मेटिइसकेको थिएन । उनको एउटा संस्कार अझ विद्यमान थियो र उनी यस संस्कारलाई बडो यत्नपूर्वक निमिटयान्न गर्न प्रयासरत थिए । उनको संस्कारको सम्बन्ध रत्नालीसँग थियो । रत्नाली उनकी पोषित कन्या थिइन् । हरिद्वारको कुम्भमा उनी आफ्ना गुरुसँग आएका थिए । उनका गुरुमहाराजले सधैं उनीसँग भनिरहन्थे– “पुत्र अहिले तिम्रालागि योग–साधनाको मार्ग प्रशस्त भएको छैन । अहिले त तिमीले केही सांसारिक कार्य पूरा गर्नुछ ।” महावृषले भनेका थिए– “गुरुदेव ! म त सबै छोडेर तपाईंको शरणमा आएको छु र अब मेरो मनमा संसारप्रति कुनै आकर्षण पनि छैन भन्ने कुरा तपाईंलाई पनि थाहा छ ।” गुरु चाहिं भन्दथे– “वत्स ! तिम्रो कुरा त मलाई थाहै छ, त्यसैले त भन्दछु कि तिमीले यस संसारमा आफ्नो अन्तिम दायित्व निर्वहन गर्नुपर्छ ।”

महावृष सदा आफ्ना गुरुको सेवामा निरत रहन्थे । गङ्गापारि एउटा कुटीमा उनी बस्दथे । एउटा कुटी गुरुमहाराजको थियो र दोस्रो उनको । त्यसो त त्यहाँ अरू कुटीहरू पनि थिए, जहाँ देश–विदेशका विभिन्न ठाउँबाट सन्त–महात्मा आएर बसेका थिए । एक दिन ब्रह्ममुहूर्तको बेला उनी आफ्ना गुरुसँग गङ्गास्नान गर्न गइरहेका थिए । बाटोमा एउटी दुई वर्षकी शिशुकन्याको रोदन सुनेर उनी झस्किए, तर उनका गुरु शान्तभावले उनलाई हेरिरहेका थिए । महावृषले भने– “गुरुदेव ! लाग्दछ यी शिशु–कन्याको आफ्ना मातापितासँग बिछोड भएको छ । यिनलाई तुरुन्त आफ्नो मातापितासँग भेट गराउने प्रयास गर्नुपर्छ ।” गुरुले भने– “हो वत्स ! यदि भेटिन्छन् भने यस कन्यालाई उसका आमाबुबाकहाँ पुऱ्याइदेऊ ।” महावृषले अथक प्रयास गरे, तर कन्याका आमाबुबाको पत्तो लागेन । उनी फर्केर आफ्ना गुरुनजीक आएर भने– “हो गुरुवर ! यी कन्याको अब के हुन्छ ? यिनको देखरेख कसले गर्छ ?”



उनका गुरुले भने– “वत्स ! यी कन्या नै तिम्रो यस संसारबाट मुक्तिको साधन हुन् । यिनको रेखदेख गर, पालनपोषण गर । आजदेखि यी कन्या तिम्री पोषित पुत्री भइन् र यिनको नाम भयो रत्नाली । अब तिमी जाऊ र आफ्नो चित्तको यस संस्कारको विसर्जन गर ।” महावृषको काखामा दुई वर्षकी रत्नाली थिइन् । उनले भने– “हे गुरुदेव ! यस संसारलाई त मैले धेरै पहिले नै छोडेर आइसकेको छु । अब मेरो यस संसारमा कोही पनि छैन, यिनलाई लिएर म कहाँ जाउँ ?” उनका गुरुले भने– “पुत्र ! संस्कारले आफ्नो मार्ग आफैं खोज्छ । यसको चिन्ता न गर । जाऊ सबै कुरा ठीक हुन्छ । हो मेरो र तिम्रो, स्थूल जीवनमा यो अन्तिम भेट हो, तर चिन्ता न गर मेरो आशीर्वाद सदैव तिम्रो साथ रहनेछ ।”

महावृषले त्यस मनोहर काललाई हेर्दै गर्दा बीस वर्ष पहिलेको घटनाको सम्झना भयो र उनको आँखाबाट आँसु छचल्कियो । अब रत्नाली बाइस वर्षकी भइसकेकी थिइन् । उनको अध्ययन पनि पूरा भइसकेको थियो । महावृषलाई अनुभूति भइरहेको थियो, उनको समय समाप्त हुने बेला भइरहेको छ, अब उनको संस्कार खण्डित हुनेवाला छ । रत्नाली चाहिं बुबा आफ्नालागि चिन्तित छन् भन्ने बुझिरहेकी थिइन् । उनले भनिन्– “बाबा ! परिवर्तन जीवनको नियम हो । जीवनमा परिवर्तन कुन रूपमा हुन्छ ?” महावृषले भने– “पुत्री ! यसलाई बुझ्नका लागि हामीले आध्यात्मिक दृष्टिले विचार गर्नुपर्छ । यसमा पहिले दृश्य परिवर्तन हुन्छ– परिस्थितिहरूको परिवर्तन । यस परिवर्तनले हाम्रो जीवनमा शुभ तथा अशुभ घटनाक्रम उत्पन्न हुन्छ, जुन एउटा निश्चित अवधिसम्म चल्छ । यी घटनाक्रमको यथार्थ कारण हुन्छ– हाम्रो चित्तभूमिमा शुभ वा अशुभ कर्म एवं संस्कारहरूको उदय । यिनको पहिलो प्रभाव हाम्रो मनःस्थितिमा पर्दछ, पछि हाम्रो परिस्थिति परिवर्तन हुन थाल्छ ।”

रत्नालीले भनिन्– “बाबा ! यसको तात्पर्य हो कि हाम्रो परिस्थितिमा परिवर्तनको कारण हाम्रो चित्तभूमिमा हुने परिवर्तन हो ।” महावृषले भने– “हो पुत्री ! तिमीले ठीक बुझ्यौ । परिवर्तित परिस्थितिमा हाम्रो कर्म, भावना, विचार तथा सङ्कल्पको ऊर्जाले चित्तमा व्यापक परिवर्तन ल्याउँछ । जब चित्तको प्रकृति यसअनुरूप परिवर्तित हुन्छ र वर्तमान शरीरको प्रारब्ध पूर्ण हुन्छ अनि नयाँ प्रारब्ध एवं चित्तको परिवर्तित दशाका अनुसार जीवात्माले नयाँ जन्म पाउँछ । यस नयाँ जन्ममा, नयाँ परिस्थितिमा, नयाँ घटनाक्रमले आकार ग्रहण गर्दछ ।”

रत्नालीले भनिन्– “बाबा ! के यो अन्तिम जन्म हो ?” महावृषले भने– “हो पुत्री ! तिमी नै मेरो जीवनको अन्तिम कडी हौ । यसपछि फेरि कर्मानुसार जन्म हुनेछैन । सङ्कल्प अनुसार जन्म हुनेछ ।”

रत्नालीले भनिन्– “बाबा ! प्रकृति–परिवर्तन कसरी हुन्छ ? के यसका अनुरूप हाम्रा भावी जन्मको योनि निर्धारण हुन्छ ?” महावृषले भने– “पुत्री ! तिमी ठीक बुझिरहेकी छौ । हाम्रो शुभ–अशुभ कर्म, भाव र विचारको कारणले नै हाम्रो प्रकृतिमा परिवर्तन हुन्छ । हाम्रो नकारात्मक एवं सकारात्मक दृष्टिकोण तथा हामीद्वारा सम्पन्न तामसिक, राजसिक एवं सात्त्विक साधनाहरू पनि यसका कारण बन्दछन् । हामीले जे गरिरहेका छौं, जे सोचिरहेका छौं, जुन भाव हामीभित्र पलाइरहेको छ, तिनको तीव्रता एवं दिशाअनुरूप हाम्रो चित्तभूमि परिवर्तित हुन्छ, हाम्रो स्वभाव परिवर्तन हुन्छ, हाम्रो प्रकृति परिवर्तित हुन्छ । त्यस प्रकृति–परिवर्तनअनुरूप नै हाम्रो भावी जन्मको योनिको निर्धारण हुन्छ । हामी कुन योनिमा जन्म लिन्छौं, यसको निर्धारण हाम्रो जन्मभूमिको व्यवस्था, अवस्था तथा हाम्रो प्रकृतिमा तम, रज अथवा सत्‌को सघनताअनुरूप नै हुन्छ ।”

रत्नालीले भनिन्– “बाबा ! जस्तो हाम्रो प्रकृति हुन्छ, के त्यसैअनुरूप योनि पाइन्छ ?” महावृषले भने– “पुत्री ! तमस्‌को सघनतामा पशु, कीटक, पिशाच आदि बन्दछन् । यसको सघनताअनुरूप नै कीट–पतङ्गको योनिमा जन्म हुन सक्छ । कूकर–शूकर योनिमा पनि जन्म हुन सक्छ । गाई, सिंह, हात्ती आदि पशु योनिमा जन्म हुन सक्छ । प्रकृतिअनुरूप यक्ष, गन्धर्व आदि उपदेवको योनि अथवा देवयोनिमा जन्म हुन सक्छ । प्रकृति परिवर्तन अनुसार त्रिदेवको पार्षद्‌को रूपमा, ब्रह्मलोक, विष्णुलोक अथवा शिवलोकमा पनि गमन हुन सक्छ । यो सबै निर्भर गर्दछ– जीवात्माको प्रकृतिमा, जुन उसका शुभाशुभ कर्मका कारण प्राप्त हुन्छ ।”

रत्नालीले भनिन्– “बाबा ! योनि कहिले प्राप्त हुन्छ ?” महावृषले भने– “पुत्री हाम्रो जीवनशैलीमा तम, रज, सत् अनुरूप हाम्रो चित्तभूमि व्यवस्थित भइरहन्छ । हामी जानी–नजानी आफ्नो प्रकृतिलाई परिवर्तित गरिरहन्छौं । हाम्रो हिंसा, लालसा, आक्रोश, वासना, चाहना र हाम्रो सङ्कल्पले चित्तभूमिलाई आफूअनुरूप कुँद्‌दै–ढाल्दै रहन्छन् । हाम्रा शुभ कर्म, सकारात्मक सोच हाम्रो तप हो ।” रत्नालीले भनिन्– “बाबा ! मलाई थाहा छ, मेरो विवाह भएपछि हजुर मुक्त हुनुहुन्छ, हजुरको संस्कार खण्डित हुन्छ । मलाई बताइदिनुस् कि म यस जन्ममा यस्तो के गरूँ कि मेरो भावी जीवन भक्तिभावपूर्ण बनोस् । म आफ्नो प्रत्येक सासमा भगवान्‌को उपस्थिति अनुभव गर्न चाहन्छु ।”

महावृषले भने– “पुत्री ! भगवान्‌प्रति भाव त अहिले पनि तिमीभित्र छ, तर भगवान्‌को भएर बाँच्नका लागि तिमीले अर्को जीवन लिनुपर्छ । यस जीवनका साथ केही सीमा, केही कर्तव्य छन् । तिमी सतत् सत्कर्म गर, कुनै चाहना र इच्छाबेगर, आफ्नो विचार श्रेष्ठ बनाऊ, स्वाध्यायले सेवा एवं साधनाले भाव परिष्कृत गर्दै हिंड । यसले तिमीलाई यस्तो जीवन प्राप्त हुनेछ जीवनमा पलपल, क्षणक्षण भगवान्‌लाई अनुभव गर्न सक्छ्यौ ।” महावृषले रत्नालीको एउटा योग्य संस्कारित परिवारमा विवाह गराइ आफ्नो संस्कारबाट मुक्त भए र त्यसको केही दिनपछि आफ्नो पार्थिव शरीर त्याग गरिदिए । उनको भावी यात्रा सृष्टिको दोस्रो आयाममा सम्पन्न हुनु जो थियो ।

# बजेटबाट के चाहन्छ वीरगंज ?

**समयान्तर**



**ओमप्रकाश खनाल**
omkhanal@gmail.com

**वीरगंज आर्थिक सम्भाव्यतामा अगाडि भएपनि सरकारको पूर्वाग्रहका कारण सम्भावनाको उपयोगमा सधैं पछाडि पारिएको सरोकारका पक्षको बुझाइलाई अस्वीकार गर्नुपर्ने कारण छैन ।**

सरकार आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटको तयारीमा छ । बजेटबारे सुझाव सङ्कलनसँगै यसको तयारी तीव्र गतिमा अघि बढेको छ । सरकारले औद्योगिक–व्यापारिक केन्द्र वीरगंजलाई बजेटसँग सरोकार राख्ने सुझाव सङ्कलनका लागि उच्च प्राथमिकतामा राख्ने गरेको छ । तर यस क्षेत्रमा समस्याको समाधान र सम्भाव्यता उपयोगमा बजेट कहिल्यै पनि मैत्रीपूर्णरूपमा प्रकट हुन सकेको छैन । सुझाव सङ्कलनमा प्राथमिकता दिए पनि सुझावको सम्बोधन र योजना कार्यान्वयनमा भने उदासीनता देखिएको अनुभवमा किन्तुपरन्तुको खाँचो छैन ।

अहिले सबै क्षेत्रको सरोकार बजेट कोरोना महामारीको असर न्यूनीकरणका उपायमा केन्द्रित हुनुपर्नेमा छ । आगामी वर्षको बजेटले कोरोना महामारीले निम्त्याएको तत्कालीन समस्याको निकास र सम्भाव्यताको दोहनलाई प्राथमिकतामा राख्नुपर्ने निजी क्षेत्रले बताउँदै आएको छ । बजेट तयारीका सन्दर्भमा आयोजना गरिने छलफलमा वर्षौंदेखि एकै खालका विषयको पुनरावृत्ति भइरहेको छ । तर सम्बोधनमा भने एक प्रकारको बेवास्ताले निरन्तरता पाएको भान हुन्छ ।

अहिलेका लागि कोरोना महामारीबाट अर्थतन्त्रमा परेको सङ्कटको निकास मुख्य एजेन्डा त हुँदै हो । तर आर्थिक केन्द्र मानिएको बारा र पर्सा क्षेत्रको सम्भाव्यता र यससँग सरोकार राख्ने योजनाहरूको द्रुत कार्यान्वयनको खाँचो छ । कोरोना महामारीले प्रभावित उत्पादन र व्यवसायले लय समात्ने प्रयास गरिरहेको छ । महामारीको असरलाई किनारा लगाउने र उद्योगधन्धा तथा तमाम आर्थिक गतिविधिलाई लयमा फर्काउने काम बजेटको मुख्य कार्यभार बन्नुपर्दछ । सरकारले प्रत्येक वर्ष स्थानीय उद्योग, व्यापारलाई गति दिन र अर्थ–सामाजिक क्षेत्रका सरोकारहरूको सुझाव सङ्कलन गरेर लगे पनि सम्बोधनमा भने खासै उपलब्धि देखिएको छैन ।

कोरोना महामारीको असरबाट तङ्ग्रिने प्रयत्नमा रहेको व्यवसाय उधारो असुलीसम्बन्धी कानूनको अभावमा थप सकसको सामना गरिरहेको छ । आगामी आर्थिक वर्षको बजेटमार्फत यसमा स्पष्ट नीतिगत व्यवस्थापनको अपेक्षा गरिएको छ । तर वर्षौंदेखि जटिल बन्दै गइरहेको यो विषयलाई सरकारले निरन्तररूपमा पन्छाउँदै आएको छ । खासमा यो निजी क्षेत्रको व्यावसायिक सरोकार मात्र होइन । यसले अर्थतन्त्रका आयामहरूमा प्रतिस्पर्धाको तत्त्वलाई कमजोर पारिरहेको छ । यो लक्षित आर्थिक विकासको लागि अवरोधको कडी हो ।

उधारो कारोबारलाई व्यवस्थित गर्ने भन्ने कानूनी मापदण्ड नहुँदा प्रतिस्पर्धाको आधार नै उधारो बनेको छ । यसले वित्तीय व्यवस्थापनमा चाप मात्र परेको छैन, अर्थतन्त्रका समग्र अवयवहरूलाई नै प्रतिस्पर्धी हुनबाट रोकिरहेको छ । मानौं, कुनै एक उद्योगले एक महीनाको लागि पूँजीको अतिरिक्त व्यवस्थापन गरे हुनेमा ६ महीनासम्म उधारो दिंदा थप पूँजीको व्ययभार थपिन्छ । यसलाई कानूनी प्रावधानबाट कस्ने हो भने लागत नै कम गर्न सकिन्छ । यसले बेलाबेला बजारमा देखिने तरलता समस्यालाई पनि निकास दिन सक्छ ।

वीरगंज क्षेत्रमा करीब दुई दर्जन निर्माण सामग्रीका उद्योग छन् । १३ वटा सिमेन्ट उद्योग छन् । सबै उद्योग ग्रान्डिङमा आधारित छन् । नेपालको सिमेन्ट उद्योगमा दुई खर्बभन्दा बढी लगानी भइसकेको छ । उत्पादन क्षमता दुई करोड मेट्रिकटन पुगिसकेको छ । तर खपत एक करोड मेट्रिक टन पनि पुग्न सकेको छैन । अधिकांश उद्योग क्षमताको आधा परिमाणमा खुम्चिएका छन् । यो विरोधाभास सिमेन्ट उद्योगको अधोगतिको कारण बन्ने अवस्था छ । सरकारले यही अवस्थालाई ध्यानमा राखेर निकासीको योजना बनाएको थियो । सरकारले सिमेन्टलाई निकासीयोग्य वस्तुको रूपमा अघि सारेकै दुई वर्ष बित्न लागिसकेको छ । आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रमले सिमेन्ट निकासीलाई उद्देश्यमा राखेको थियो । तर उपलब्धि देख्न पाइएको छैन ।

भारतको बिहार, उत्तर प्रदेश र पश्चिम बङ्गाल राज्यमा सिमेन्ट निकासीको सम्भावना पनि छ । यही क्षेत्र ठूलो बजार भएर पनि मूल्यका कारण निकासी हुने अवस्था छैन । मूल्य घटाउने सन्दर्भमा सरकार र निजी क्षेत्र दुवैले गर्नुपर्ने काम गरेका छैनन् । निजी क्षेत्र स्वदेशी बजारमा मूल्य अराजकता मच्चाएर बसेको छ भने सरकार प्रतिस्पर्धी क्षमता अभिवृद्धिको आधार र पहलको सट्टा भन्सारमा उच्च दरको महसूलको छेको कसेर बसेको छ । यसबाट सरकारलाई आय त भएको छ । सिमेन्टका ठूला लगानीकर्तालाई उपभोक्तामाथि शोषण कायम राख्न र साना उद्यमीलाई धराशयी बनाउने हतियार प्राप्त भएको छ । तर दीर्घकालको लागि समग्र लगानी नै सङ्कटतर्फ उन्मुख भइरहेको छ ।

फलाम उद्योगहरूको हबिगत उस्तै छ । सीमित बजारमा असीमित प्रतिस्पर्धाका कारण अराजकता मौलाएको छ । भन्सारमा ३० प्रतिशतको राजस्वको छेकबार हटाउने हो भने नेपालका आत्मनिर्भर भनिएका यस्ता उद्योगको हबिगत सतहमा आउन समय लाग्दैन । औद्योगिक कच्चा पदार्थमा लिइएको उच्च दरको भन्सार महसूल हटाउनुपर्दछ । कम्तीमा एक तहको राजस्व अन्तर हुनुपर्दछ । र व्यवसायीले पनि यसमा इमानदारी अपनाउनुपर्दछ । यस्ता सहुलियतको दुरुपयोगका पहेलीहरूको पुनरावृत्ति हुनुहुँदैन ।

खाद्यान्न उद्योग पनि आफ्नै ढङ्गका कारण सङ्कट निम्त्याइरहेका छन् । चामल, दाल, तेल जस्ता उद्योगको अवस्था फरक छैन । तेल उद्योगको विरोधाभास त हेरिसक्यौं, आफ्नो क्षमता र दक्षतामा होइन कि यस्ता उद्योगको भविष्य भारतीय बजार नीतिको निगाहमा टिकेको छ । भारतले पाम आयालमा प्रतिबन्ध लगाएपछि कोलाहल मच्चिएको थियो । भटमासको तेल जान थालेपछि उद्यमी चुपचाप छन् । यसमा कुनै कारणले अवरोध भए पुनः आवाज मुखरित हुनेछ । न व्यवसायीले आफ्नो प्रतिस्पर्धी दक्षतालाई तिखार्ने गरेको छ, न सरकारले नै यो आवश्यकता बोध गराउने गरी नीतिगत प्रबन्ध गर्न सकेको छ । सरकार र व्यवसायी दुवै कामचलाउ मानसिकताबाट अघि बढेका छन् । दीर्घकालीन सोच र उद्देश्यका साथ कुनै पनि पक्षले योजनाबद्ध काम गर्न आवश्यक ठानेको छैन । नेपालका उद्योग र व्यापारले यसका आधारमा आर्थिक सरोकारहरूको अपेक्षित उचाइ प्राप्त गर्न नसक्नुको मूल कारण नै यही हो ।

भारतमा बहुदरमा आधारित वस्तु तथा सेवा कर लागू गरिएको छ । नेपालले आफ्नो कर संरचनाको कुरा गर्न थालेको वर्षौं भइसक्यो । तर यसलाई सापेक्ष सुधारको सट्टा थप जटिल बनाउने काम भएको छ । आमजनतामाथि करको भारी थप्ने काम भएको छ । तहगत सत्ता सञ्चालनको भार जनताको टाउकोमाथि थोपरिएको छ । वास्तवमा भारतीय बजारबाट प्रभावित आर्थिक सरोकार हुनुका कारण भारतले गरेको सुधारका आयामहरूलाई अनुकरण गरिनुपर्ने हो । भारतमा कर सुधारका कारण त्यहाँको अर्थतन्त्र थप प्रतिस्पर्धी हुँदा हामीकहाँ महँगो पारेर आर्थिक सुव्यवस्था कायम हुन सक्दैन । खुला सीमाका कारण हुने अनधिकृत आयातले स्वदेशी उत्पादनलाई आफ्नै बजारमा प्रतिस्पर्धा गर्न कठिनाइ भइरहेको छ । सरकारले यस्तो अवैध व्यापार नियन्त्रण गर्नुपर्दछ । त्योभन्दा पनि पहिले भारतको तुलनामा यहाँको उत्पादनलाई कसरी सस्तो बनाउन सकिन्छ भन्नेमा ध्यान दिनु अत्यावश्यक छ । त्यहाँको सरकारले अपनाएको कर संरचना सुधारलाई बेवास्ता गरेर सामान्य खर्चको जोहो गर्नका लागि करको भारी बोकाउँदा अर्थतन्त्र थला पर्नेमा द्विविधा आवश्यक छैन ।

वीरगंज आर्थिक सम्भाव्यतामा अगाडि भएपनि सरकारको पूर्वाग्रहका कारण सम्भावनाको उपयोगमा सधैं पछाडि पारिएको सरोकारका पक्षको बुझाइलाई अस्वीकार गर्नुपर्ने कारण छैन । सरकारले वैदेशिक व्यापार सहजीकरणका लागि मुख्य नाकामा पूर्वाधार विस्तारको कुरा गरे पनि नीतिमा त्यसको अनुभूति भएको छैन । मुख्य नाका वीरगंजमा व्यापारको तुलनामा पूर्वाधारको न्यून विस्तार, सडकको दुरवस्था, योजनामा विलम्ब, आर्थिक सरोकारका पूर्वाधारका योजनामा न्यून प्राथमिकता, द्रुतमार्ग, अन्य वैकल्पिक मार्गहरू, विशेष आर्थिक क्षेत्र (सेज), औद्योगिक कोरिडोर, विमानस्थलजस्ता योजनामा न्यून बजेट र कमजोर कार्यान्वयन मूलभूत समस्या हुन् । यसको निदानमा वीरगंजप्रति बजेट उत्साहजनक हुन सकेको छैन । आगामी बजेटमा यो प्रवृत्तिको पुनरावृत्ति नहोओस् भन्ने मुख्य सरोकार हो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## ब्रजीलमा एकै दिन ८६ हजार सङ्क्रमित

रियो दि जेनेरियो, २९ फागुन/सिन्हवा

ब्रजीलमा कोरोना भाइरसबाट एकै दिन झन्डै ८६ हजारजना सङ्क्रमित भएका छन् ।

यो सङ्ख्या एकै दिनमा धेरै सङ्क्रमित भएकोमध्ये दोस्रो धेरै भएको अधिकारीहरूले जानकारी दिएका छन् ।

अधिकारीका अनुसार शुक्रवार ब्रजीलमा ८५ हजार ६६३ जना सङ्क्रमित भएका हुन् । यसअघि गत जनवरी ७ मा एकै दिनमा ८७ हजार ८४३ जना सङ्क्रमित भएका थिए ।

ब्रजीलमा कोरोना भाइरसबाट अहिलेसम्म कुल एक करोड १३ लाख ६३ हजार ३८० जना सङ्क्रमित भएका छन् ।

त्यसैगरी, पछिल्लो २४ घण्टामा ब्रजीलमा दुई हजार २१६ जनाको मृत्यु भएको छ भने अहिलेसम्म कुल मृतकको सङ्ख्या दुई लाख ७५ हजार १०५ पुगेको छ ।

ब्रजीलमा कोरोना महामारीका विरुद्धमा लड्नको लागि अस्पताल र खोपले बिस्तारै प्रगति भएपनि मृत्यु हुनेको सङ्ख्या भने अझै घटेको छैन ।



तस्वीरः फाइल

कोरोना भाइरस महामारीका कारण भएको मृत्युमा विश्वमैं दोस्रो स्थानमा रहेको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

कोरोना भाइरसको सङ्क्रमणको कारण सबैभन्दा बढी अमेरिकामा मृत्यु भएको छ । ब्रजीलमा कोरोना सङ्क्रमणको दैनिक तथ्याङ्क अनुसार गत मार्च ३ मा यसबाट एकै दिनमा एक हजार ९०० जनाको मृत्यु भएको थियो ।

सार्वजनिक स्वास्थ्य संस्था फिओक्रुजले मङ्गलवार सार्वजनिक गरेको प्रतिवेदन अनुसार ब्रजीलका २७ वटा प्रान्तीय राजधानीमा २५ वटा राजधानी शहरका स्वास्थ्य संस्थाका आकस्मिक कक्ष ८० प्रतिशतभन्दा बढी भरिएका बताइएको छ ।

कोभिड–१९ विरुद्धको उपचार तथा अन्य प्रक्रियामा २०२० को अन्त्यतिर ब्रजीलमा प्रभावकारी देखिएको थियो, तर पनि सन् २०२१ को पहिलो आधाआधीमा भने यहाँ महामारीको फैलावट निकै बढेको थियो । रासस

## म्यान्माका नागरिकलाई अमेरिका बस्न अस्थायी अनुमति

वाशिङ्टन, २९ फागुन/एएनआई

अमेरिकाले राजनीतिक सङ्कटमा फसेको म्यान्माका नागरिकलाई अमेरिका बस्न अस्थायी अनुमति दिने भएको छ ।

म्यान्मामा गत फेब्रुअरी १ मा सेनाले सत्ता विद्रोह गरेपछि आन्दोलन र अशान्ति भइरहेकाले त्यहाँका नागरिकलाई राष्ट्रपति जो बाइडेनको प्रशासनले अमेरिका बस्न अस्थायी अनुमति दिने भएको हो ।

"सैन्य सत्ता विद्रोह र देशभित्र अशान्ति मच्चिएकाले देशका धेरै ठाउँमा मानवीय सङ्कट पैदा भएको छ, त्यसैले हामीले उनीहरूलाई अमेरिका बस्न अस्थायी अनुमति दिन लागेका छौं," गृहमन्त्री अलेजान्द्रो मायोर्कासले भने ।

सरोकारवाला निकायहरूसँग परामर्श गरेर मन्त्रालय सो निर्णयमा पुगेको पनि उनले जानकारी दिए ।

"म्यान्मामा भइरहेको आन्दोलन र अशान्तिका कारण कसैले म्यान्मा छोडेर केही समयका लागि अमेरिका आउन चाहन्छन्, वा अमेरिकामा रहेका तर म्यान्मा फर्किन चाहेका छैनन् भने उनीहरूलाई केही समय संरक्षकत्व दिन सकिन्छ," उनले भने । यो व्यवस्था मार्च ११ पछि आवतजावत गर्नेहरूलाई लागू हुने निर्णय भएको पनि गृहमन्त्री मायोर्कासले जानकारी दिए ।

म्यान्मामा भएको सैन्य विद्रोहप्रति अमेरिकासहित विश्वका धेरै देशले आपत्ति जनाउँदै लोकतान्त्रिक व्यवस्था कायम गर्न आह्वान गरेका छन् ।

डेढ महीनादेखि भइरहेको आन्दोलनका क्रममा अहिलेसम्म कम्तीमा ६० जनाको मृत्यु भएको छ भने एक हजार ८०० भन्दा बढी गिरफ्तार भएका छन् तर आन्दोलन जारी छ । रासस

## भारतमा एकै दिनमा २० लाखभन्दा बढीलाई कोरोना खोप

नयाँ दिल्ली, २९ फागुन/एएनआई

भारतमा एकै दिनमा २० लाखभन्दा बढीलाई कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ ।

शुक्रवारको यो सङ्ख्या अहिलेसम्मकै सबैभन्दा धेरै भएको पनि अधिकारीहरूले शनिवार जानकारी दिएका छन् ।

योसँगै भारतमा अहिलेसम्म २० लाख ५३ हजार ५३७ मात्राको कोरोनाविरुद्धको खोप लगाइएको छ। त्यसमध्ये १६ लाख ३९ हजार ६६३ जनाले पहिलो चरणको खोप लगाएका छन् भने अरू चार लाख १३ हजार ८७४ जनाले दोस्रो चरणको खोप पनि लगाएर लाभान्वित भएका छन् ।

भारतमा ५६ दिनअगाडिदेखि कोरोनाविरुद्धको खोप लगाउन थालिएको हो । खोप लगाउन देशभरि ३० हजार ५६१ ठाउँमा खोपकेन्द्र स्थापना गरिएको छ । कुल प्रयोग भएको खोपमध्ये आठ प्रदेशमा ७४ प्रतिशत खोप प्रयोग भएको छ । रासस

## अफगानिस्तानमा कारबम विस्फोट, आठजना मारिए

हेरात, २९ फागुन/एएफपी

पश्चिम अफगानिस्तानमा शुक्रवार भएको एक शक्तिशाली कारबम विस्फोटमा परेर कम्तीमा आठजनाको मृत्यु भएको छ भने अरू दर्जनौं व्यक्ति घाइते भएका छन् ।

सर्वसाधारणलाई लक्षित गरी आक्रमण भएको भन्दै संयुक्त राष्ट्रसङ्घले निन्दा एवं खेद व्यक्त गरेकै समय पछिल्लो आक्रमण भएको छ ।

हेरातस्थित प्रहरी मुख्यालयलाई लक्षित गरी कारबम विस्फोट गराइएको प्रहरीले जनाएको छ । हेरातका प्रान्तीय गभर्नरका प्रवक्ता जेलानी फरहादका अनुसार बम विस्फोटबाट दर्जनौं घर र पसलहरू नराम्रोसँग क्षतिग्रस्त भएका छन् ।

मृत्यु हुनेहरूमा महिला, बालबालिका र सुरक्षाकर्मी रहेको प्रवक्ता फरहादले बताए । उनले बम विस्फोटबाट ४७ जना घाइते भएका र उनीहरूको हेरातका अस्पतालहरूमा उपचार भइरहेको जानकारी दिए ।

अफगानिस्तानको मुख्य विद्रोही समूह तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले हेरातमा भएको विस्फोटसँग आफ्नो समूहको कुनै सम्बन्ध नरहेको दाबी गरे ।

राष्ट्रपति असरफ घानीले हेरात विस्फोटका लागि तालिबान दोषी रहेको बताएका छन् ।

राष्ट्रपति घानीले एक वक्तव्य प्रकाशन गरी तालिबान समूहले आफ्नै जनतामाथिको अवैधानिक युद्धलाई निरन्तरता दिइरहेको र उनीहरूले वर्तमान सङ्कटको शान्तिपूर्ण समाधानका लागि पहल नगरेको उल्लेख गरेका छन्। रासस

**Om Advertising**
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703




**Poonam Arts**
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

**Admission Open**
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

### आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – मनोरञ्जन |
| मिथुन – सफलता | कर्कट – राज्यभय |
| सिंह – रोगभय | कन्या – यात्रालाभ |
| तुला – शत्रुभय | वृश्चिक – चोरभय |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – कान्तिक्षय | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# मिथिला महाकुम्भ शुरू

महोत्तरी, २९ फागुन/रासस

पिठ्यूँमा सातुसामल र एकसरो फेर्ने लुगाको पोको, नाङ्गा खुट्टाको हिंडाइ, मनवचनमा रामसीताप्रति भक्तिभाव र लगातार वाणीमा सीताराम सङ्कीर्तन ! मिथिलाको महाकुम्भ भनिने मिथिला माध्यमिकी परिक्रमाका यात्रीको देखिने परिचय हो यो । फागुन औंसीका दिन शुरू भएर फागुन पूर्णिमामा समापन गरिने परम्पराको यो यात्राको क्रम मिथिलामा आज प्रारम्भ भएको छ ।

के साधु सन्त, के रागीबैरागी र के गृहस्थ जीवनका नरनारी...! हजारौंको सहभागिताको १५ दिने मिथिला माध्यमिकी परिक्रमाका यात्री यस अवधिभित्र सांसारिक काम, कुरा थन्क्याएर भजनकीर्तनमा लीन छन् । सीताराम...!! हजारौंका मुखबाट निस्कने एउटै मन्त्र, एउटै वाणी र एउटै लय ।

मिथिलामा मिथिला परिक्रमा तीन प्रकारका रहेका मानिन्छन् । वृहत् मिथिला परिक्रमा, मिथिला माध्यमिकी परिक्रमा र मिथिला अन्तरगृह परिक्रमा। समग्र पुरानो मिथिलाको परिक्रमा गरिने २६८ किलोमिटरको यो यात्राको प्रचलन अब हटिसकेको देखिन्छ । कोशी नदी किनारमा पवित्रस्नान गरेर भारतको सहर्सा जिल्लामा पर्ने सिंहेश्वरनाथबाट शुरू भएर गङ्गा किनारको सिमरियाघाट हुँदै पर्वतश्रेणीको परिक्रमा गरेर सिंहेश्वरनाथमैं यो यात्रा समापन गरिने पूर्वपरम्परा अब देखिन छाडेको छ । तर प्राचीन मिथिलाका महोत्तरी, धनुषा र भारतको मधुवनी जिल्लाभित्र गरी १३३ किलोमिटरमा गरिने माध्यमिकी र प्राचीन जनकपुरधामको आठ किलोमिटर दूरीभित्र गरिने मिथिला अन्तरगृह परिक्रमा भने अद्यावधि छँदैछ। अन्तरगृहको एक दिने परिक्रमा फागु पूर्णिमाका दिन बिहान गर्ने परम्परा छ।

धनुषा जिल्लाको मिथिला बिहारी नगरपालिकाको ठेराकचुरीस्थित मिथिला बिहारी मन्दिरबाट मिथिला बिहारी (श्रीराम)को डोला (डोली) अघि लगाएर माध्यमिकी परिक्रमा यात्रा आज शुरू भएको छ । यस यात्राका सहभागी जनकपुरधामस्थित अग्निकुण्ड मठ पुगेर किशोरीजी (श्री सीताजी)को थपिएको डोलासमेत अघि लगाएर रामजानकी मन्दिरको प्रदक्षिणा गर्दै अघि बढेका छन्। यात्री टोली पहिलो दिनको बाँसका लागि आज साँझ धनुषा जिल्लाकै हनुमाननगर (हनुमानगढी) पुग्नेछ ।

यात्रामा रहेका तन्मयसाथ मन एकाग्र गर्दै सीताराम सङ्कीर्तनमा लीन छन्। श्रीराम र सीताजीको डोला जुन–जुन बस्ती हुँदै अघि बढ्छ, त्यहाँ डोलाको दर्शन गर्ने श्रद्धालुको भीड लाग्छ। 'बोलो, सियावर रामचन्द्रकी जय ! यात्रीको लयमा लय मिलाउँदै डोला दर्शन पुग्नेको भीडले...जय ! जय !!! वाणी मिसाउँछन्।

माध्यमिकी परिक्रमाको यो यात्रामा पहिलो, नवौं, १०औं, ११औं, १२औं र १५औं (अन्तिम रात) दिनका गरी धनुषा जिल्लामा ६ रात्रि विश्रामस्थल छन् । यी हनुमानगढी, पर्वता, धनुषाधाम, सतोषर, औरही (हर्षाहा) र जनकपुरधाम हुन्। त्यसैगरी चौथो, पाँचौं, छैटौं, सातौं र आठौं दिनका गरी पाँच रात्रि विश्रामस्थल क्रमशः मटिहानी, जलेश्वर, मडै, ध्र्वकुण्ड र कञ्चनवन महोत्तरीमा पर्दछन्। यसैगरी, दोस्रो, तेस्रो, १३औं र १४औं दिनका गरी चार विश्रामस्थल क्रमशः कल्याणेश्वर (कलना), गिरिजास्थान, करुणा र बिसौल भारतको मधुवनी जिल्लामा पर्छन् ।

रात्रिविश्रामस्थलमा यात्रीको खानपिन, आवास, आकस्मिक उपचार र आइपर्ने समस्यामा सहयोग पुऱ्याउन स्थानीयस्तरमा समिति बनाइने परम्परा छ । नेपालतर्फका महोत्तरी र धनुषाका रात्रि विश्रामस्थलमा वृहत्तर जनकपुर क्षेत्र विकास कोष, सम्बन्धित स्थानीय तह, उद्योग वाणिज्य सङ्घ र अरू विभिन्न सामाजिक सङ्घसंस्थाले यस कार्यमा संयुक्त पहलकदमी लिंदै आएका छन् ।

त्रेतायुगमा जनक नन्दिनी (जनककी छोरी) सीता र अयोध्या (कौशलराज्य) का राजा दशरथका पुत्र श्रीरामको जनकपुरमा विवाह हुँदा दुलहा/दुलही (बेहुला/बेहुली) बनेका सम्झनास्वरूप राम सीताका प्रतिमा डोलीमा राखेर घुमाइने यात्राको एक पक्ष रहेको महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठका मुख्य साधु रवीन्द्र दास वैष्णव बताउँछन्। हिन्दू परम्परामा राम सीतालाई भगवान् विष्णु र लक्ष्मीका अवतार मानिन्छ । मङ्सिर शुक्ल पञ्चमीमा विवाह भएपछि अरू सबै अयोध्या फर्के पनि रामसीता भने जनकपुरमैं रहेर फागुन शुक्ल पक्षभरि मिथिलाका विभिन्न ठाउँको विहार गर्दै घुमेका विश्वासमा रामसीताको पदचाप पछ्याउँदै माध्यमिकी परिक्रमाको परम्परा बसेको वैष्णवको भनाइ छ ।

धनुषाको ठेराकचुरीबाट शुरू भएर हनुमानगढीको बासपछि दोस्रो दिन भारत प्रवेश गर्ने यो यात्रामा चौथो दिन महोत्तरी जिल्ला प्रवेश गरिन्छ । आठौं दिनको रात्रिविश्रामपछि पुनः धनुषा प्रवेश गरिने यो यात्रा १३औं दिन फेरि भारत पुग्छ। अनि १४औं दिन भारतको बिसौल रात्रिविश्राम गरेपछि १५औं दिनको रात्रिविश्रामका लागि यात्री जनकपुरधामस्थित बाऱ्हबिघा (रङभूमि) मैदान पुग्छन् । अन्त्यमा १६औं दिन बिहान जनकपुरको अन्तरगृह परिक्रमा गरेपछि माध्यमिकी यात्रा पूरा भएर होली (फागु) पर्व मनाउने मैथिल परम्परा छ। परिक्रमामा नेपाल र भारतको गरी १३३ किलोमिटर लामो पैदलयात्रा हुने गरेको छ ।

## महायज्ञको लागि कलशयात्रा

प्रस, वीरगंज, २९ फागुन/

बाराको बारागढी गाउँपालिका–१ पिपरा बजारमा भोलिदेखि शुरू हुने नारायण विष्णु महायज्ञको लागि शनिवार कलशयात्रा भएको छ। यज्ञस्थलबाट शुरू भएको कलशयात्रा स्थानीय जमुनी नदीबाट जल भरेर पुनः महायज्ञस्थलमा पुगेर समापन भएको थियो । कलशयात्रामा सयौंको सङ्ख्यामा महिला, युवती र बालबालिका सहभागी थिए।

नेपाल नागरिक उड्डयन प्राधिकरण

**सिमरा नागरिक उड्डयन कार्यालय**

सिमरा, बारा

### सवारीसाधन बिसान शुल्क उठाउने कार्यको बोलपत्र आह्वानसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति २०७७।१२।१

यस सिमरा विमानस्थलमा २०७८ वैशाखदेखि ३ (तीन) वर्ष अवधिका लागि सवारीसाधन बिसान शुल्क उठाउने कार्यको ठेक्का बन्दोबस्तमार्फत गराउनुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट तपसिलबमोजिमका शर्तहरूको अधीनमा रही रीतपूर्वक सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**तपसिल**

१. बोलपत्र फाराम खरीद गर्न चाहने, व्यक्ति, फर्म, संस्था वा कम्पनीले व्यक्तिको हकमा नेपाली नागरिकताको छायाप्रति, फर्म, संस्था वा कम्पनीको हकमा व्यवसाय दर्ता, अद्यावधिक इजाजतपत्र र आव २०७६।७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित छायाप्रतिहरूसहितको निवेदनका साथै बोलपत्र फाराम दस्तुरबापत रु ३३९/– (फिर्ता नहुने गरी) नगद जम्मा गरेको सक्कल बैंक भौचर यस कार्यालयमा बुझाएपछि बोलपत्र फाराम लिन सकिनेछ ।
२. २०७८ वैशाखदेखि तीन वर्षको लागि उक्त सवारीसाधन बिसान शुल्क उठाउने कार्यको रु ४,९१,०००।– न्यूनतम ठेक्का अङ्क कायम गरिएको छ र बोलपत्रदाताहरूले उक्त ठेक्का अङ्कमा नघट्ने गरी प्रतिस्पर्धात्मकरूपमा बोल कबोल गर्नुपर्नेछ।
३. बोलपत्र पेश गर्दा बोलपत्रदाता नेपाली नागरिक भएमा तीन वर्ष अवधिको लागि कबुल अङ्कको पाँच प्रतिशत र गैरनेपाली नागरिक भए कबुल अङ्कको दश प्रतिशत रकम यस कार्यालयको नाममा एभरेस्ट बैंक लि. सिमरा शाखामा रहेको धरौटी खाता नं ००७००१०५०००१५२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यताप्राप्त वाणिज्य बैंकले जारी गरेको बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तीमा एक सय बीस दिन म्याद भएको बैंक जमानत (बिडबन्ड)को सक्कल प्रति अनिवार्य संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्र फाराम दर्ता गर्दा खामबाहिर सम्बन्धित कार्यको बोलपत्र भनी स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
५. ठेकेदारले विमानस्थल सेवा शुल्क नियमावली, २०६७ (संशोधनसहित)को नियम १२ को अनुसूची–९ मा तोकिएबमोजिमको दररेटमा (मूअकरसहित) सवारीसाधन बिसान शुल्क उठाउनुपर्नेछ ।
६. बोलपत्र स्वीकृत भएपछि त्यस्तो बोलपत्रदाताले स्वीकृत कुल ठेक्का अङ्कको पच्चीस प्रतिशत रकम वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यताप्राप्त वाणिज्य बैंकको कम्तीमा ठेक्का अवधिभन्दा ६ महीना बढी म्याद भएको बैंक जमानत दाखिला गरेपछि ठेक्कासम्बन्धी सबै शर्त खुलाइ कार्यालयले सम्बन्धित बोलपत्रदातासँग सम्झौता गरी चलनपुर्जी दिनेछ। सम्झौतापश्चात् कार्यालयबाट स्वीकृत शुल्क असुली कार्यतालिकाबमोजिम बोलपत्रदाताले किस्ताबन्दीरूपमा शुल्क बुझाउनुपर्नेछ। असुली कार्यतालिकाबमोजिम पहिलो किस्ता बुझाएपछि मात्र चलनपुर्जी दिइनेछ ।
७. बोल कबोल अङ्कमा यति प्रतिशत घटी वा बढी वा अन्य केही कुराको शर्त राखेको वा कैफियत जनाएको वा रीत नपुगेको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही गरिनेछैन ।
८. सवारीसाधन बिसान शुल्कको कबुल अङ्कमा नियमानुसार लाग्ने मूअकर थप हुनेछ । साथै ठेक्का प्राप्त गर्ने ठेकेदारले पहिलो वर्षको काम सन्तोषजनक नगरेको देखिएमा कार्यालयको हितलाई समेत ध्यानमा राखी त्यस्तो ठेक्काको अवधि समाप्त गरी ठेक्का तोडी पुनः अर्को ठेक्का बन्दोबस्त गरिनेछ र ठेकेदारले सो सम्बन्धमा कुनै उजूरबाजूर गर्न पाउनेछैन।
९. बोलपत्र खरीद, दर्ता र खोल्ने अन्तिम मिति र समय तपसिलबमोजिमको तालिका अनुसार हुनेछ। बोलपत्र खरीद, दाखिला र खोल्ने अन्तिम दिन बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खरीद गर्न, दाखिला गर्न र खोल्न सकिनेछ ।

| बोलपत्र खरीद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|
| २०७७।१२।१५ | २०७७।१२।१६ गते बिहान १२:०० बजे | २०७७।१२।१६ गते दिनको ३:०० बजे |

१०. रीतपूर्वक दर्ता भएका सिलबन्दी बोलपत्र फारामहरू यस कार्यालय र अन्य कार्यालयका प्रतिनिधि, ठेकेदार वा ठेकेदार प्रतिनिधिको रोहबरमा खोलिनेछ। ठेकेदार वा ठेकेदार प्रतिनिधिको अनुपस्थितिमा समेत सिलबन्दी बोलपत्र फारामहरू खोलिनेछ।
११. यस सूचनामा नपरेका अन्य कुराहरू प्रचलित ऐन, नियम तथा कानूनबमोजिम हुनेछ ।

# राष्ट्र बैंकद्वारा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम

प्रस, वीरगंज, २९ फागुन/

नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालयले बारा जिल्लाको बारागढी गाउँपालिका–६, गडहलस्थित गम्भीरा ब्रजकिशोर माध्यमिक विद्यालयमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको छ।

वीरगंज कार्यालयका कामु निर्देशक दण्डप्रसाद खरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको बारागढी गापा अध्यक्ष देवदत्त बछार थारूले उद्घाटन गरेका थिए।

कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशक डा भागवत आचार्यले बैंकिङ तथा वित्तीय प्रणाली, बैंकिङ बानीको विकास तथा विस्तार, वित्तीय चेतना, वित्तीय सुरक्षा, वित्तीय समावेशीकरण एवं वित्तीय सशक्तीकरणबारे जानकारी गराएका थिए। उनले बैंक तथा वित्तीय संस्थाको काम, कर्तव्य, अधिकार एवं बैंकिङ सेवाको सदुपयोग तथा दुरुपयोग गर्दा हुने परिणामबारे सामान्य जानकारीहरू प्रस्तुत गरेका थिए। यसैगरी, वित्तीय साक्षरताका विभिन्न आयामहरूबारे विस्तृत वार्ता प्रस्तुति पनि गरिएको थियो। उनले बचत गर्ने बानीको विकास र उपायहरू, बैंकिङ सेवा, सफा नोटसम्बन्धी बानीको विकास, आधुनिक बैंकिङ सेवालगायतका विषयमा समेत सरल भाषामा विद्यार्थीहरूलाई जानकारी गराएका थिए।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालयका सहायक निर्देशक अमिष शर्माले सक्कली र नक्कली नोट छुट्याउने सामान्य विधिहरूबारे प्रयोगात्मक प्रशिक्षण दिएका थिए। त्यस्तै, कामु सहायक निर्देशक दिनेशप्रसाद साहले वित्तीय साक्षरताबारे छलफल चलाएका थिए।




कार्यक्रमका प्रमुख अतिथि गापा अध्यक्ष थारूले कार्यक्रमबाट आफूले धेरै कुरा जान्ने मौका पाएको बताए। उनले विद्यार्थीहरूलाई सिकेका कुरा गाउँघर, टोलछिमेक, घरपरिवारमा पनि सिकाउन सुझाए।

कार्यक्रममा उपनिर्देशक आचार्यले विद्यालयको पुस्तकालयका लागि वित्तीय साक्षरताका केही पुस्तक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कामोदप्रसाद सहनी तथा सहप्रधानाध्यापक भूमि चौधरीलाई हस्तान्तरण गरेका थिए।

# लागूऔषधसहित दुईजना पक्राउ

प्रस, वीरगंज, २९ फागुन/

सीमावर्ती बजार भारत रक्सौलबाट खल्ती र स्कूटीमा लागूऔषध लिएर नेपाल प्रवेश गरेका एकजना नेपाली नागरिकलाई पर्सा प्रहरीले पक्राउ गरेको छ।

वीरगंज भन्सारनजीकै सशस्त्र प्रहरीले चेकजाँच गर्ने क्रममा हेटौंडा उपमहानगरपालिका वडा नं ३ बस्ने वर्ष ३५ का विशाल लामाले ना.४४प २६५७ नम्बरको स्कूटीको अगाडि सेतो बोरा र ज्याकेटको खल्तीमा लागूऔषध लिएर आएको भेटिएपछि लामालाई पक्राउ गरी पर्सा प्रहरीको जिम्मा लगाएको थियो। लामाबाट विनरेक्स २४५ थान बोतल र नाइट्रोभेट ट्याब्लेट ५ पत्ता बरामद भएको थियो।

यसैगरी, वीरगंजबाट चितवनको लागि छुटेको बसलाई प्रहरी चौकी परवानीपुरअगाडि चेकिङ गर्दा चितवन


पक्राउ परेका लामा र कार्की

माडी नपा–२ बस्ने वर्ष २० का सुरज कार्कीको खल्तीबाट पनि लागूऔषध बरामद भएपछि नियन्त्रणमा लिइएको थियो। कार्कीबाट ७५ थान ट्याब बरामद भएको पर्सा प्रहरीले जनाएको छ।

पक्राउ परेका दुवैजनालाई पर्सा जिल्ला अदालतबाट लागूऔषधसम्बन्धी कसूरमा अनुसन्धान गर्न ७ दिनको म्याद थप भएको पर्सा प्रहरीका प्रवक्ता प्रनाउ ओमप्रकाश खनालले बताए।




## ११ जना महिलासहित.....

रानीघाटमा आयोजना गरेको रक्तदान कार्यक्रममा उपेन्द्र पटेल, नेहा यास्मिन, प्रितम पटेल, सागर पटेल, जीतेन्द्र पटेल, श्याम पटेल, राकेश गुप्ता, रितेश सुवेदी, पार्थ पटेल, सोनु सिंहसमेत तीनजना महिलासहित ६७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्रकी प्राविधिक डिल्लीमाया घिमिरेले बताइन्। कार्यक्रम फाउन्डेशनका अध्यक्ष आलोक पटेलको अध्यक्षतामा भएको थियो।

यसैगरी, युनिभर्सल युनाइटेड क्लब वीरगंज–१७ अलौद्वारा आयोजित रक्तदान कार्यक्रममा नुरनेसा खातुन, हसिना खातुन, जनिफन खातुन, सन्दीप राम, शिव चौधरी, अर्मेन्द्र कुमार, राजकुमार साह, प्रेमशङ्कर गुप्ता, शक्ति अन्सारी, मुस्ताक अलि, कुन्दन सहनीसमेत आठजना महिलासहित ५० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्रका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।

कार्यक्रम क्लबका अध्यक्ष राजेश पटेलको अध्यक्षतामा भएको थियो।



## मकैबाली जोगाउन जाग्राम बस्दै गाउँले

राष्ट्रिय जङ्गलबाट जनावरहरु आएर नगादेबाली मकैमा क्षति पुऱ्याउन थालेपछि पर्सागढी नगरपालिका वडा नं ४ का स्थानीयहरु रातिमा बाली जौगाउनको लागि लौरो, भाला लिएर रातभरि खेतमा जाग्राम बस्न बाध्य छन् । तस्वीरः नरेश यादव



# स्रोत नखुलेको साढे १९ लाखसहित भारतीय पक्राउ

प्रस, वीरगंज, २९ फागुन/

सशस्त्र प्रहरीले स्रोत नखुलेको नेरु साढे १९ लाखसहित एकजना भारतीयलाई वीरगंजबाट पक्राउ गरेको छ।

भारत, रक्सौल नगरपालिका–२१ बस्ने वर्ष ३६ का राजेशकुमार साहलाई वीरगंज भन्सारमा खटिएको सशस्त्र प्रहरीको टोलीले पक्राउ गरेको हो।

शनिवार बिहान ९ बजे चेकजाँचको क्रममा साहबाट साढे १९ लाख रुपैयाँ बरामद भएपछि निजलाई पर्सा प्रहरीको जिम्मा लगाएको सशस्त्र प्रहरीले जनाएको छ।

केही समयदेखि सीमावर्ती क्षेत्रहरूमा स्रोत नखुलेका लाखौं परिमाणका रकम बरामद हुन थालेको छ।

प्रहरीले यसरी बरामद हुने रकम अवैध हुण्डीको कारोबारीको भएको दाबी गर्दै आएको छ।


प्रहरीद्वारा बरामद रकम।

# हावाहुरीसहितको पानीले गहुँ र तरकारी खेतीमा क्षति

प्रस, वीरगंज, २९ फागुन/

बारा र पर्सामा शुक्रवार राति आएको हावाहुरीसहितको पानीले गहुँ र तरकारी खेतीमा क्षति पुऱ्याएको छ। हावाहुरीसहित आएको पानीले गहुँबाली प्रभावित भएको किसानहरूले बताएका छन्। उनीहरूले भर्खर एक दिन बिराएर आएको हावाहुरी, असिनापानीले गहुँबाली ढलेको र उत्पादनमा कमी आउने बताए। बहुदरमाई नगरपालिकाका किसान धुपलाल साहले गहुँबालीमा हावाहुरीले क्षति पुऱ्याएको र गहुँको बोट ढलेको कारण त्यसमा दाना नलाग्ने समस्या हुने बताए। गहुँको बोट हावाहुरीले भाँचिएपछि अब सुकेर नष्ट हुने चिन्ता लागेको किसान साहले बताए।

यसैगरी, हावाहुरीले बारा, पर्सामा दलहन बालीलाई समेत क्षति पुऱ्याएको छ। हावाहुरीसहितको पानीले फूल फुलिरहेको दलहन बालीमा फूल झरेपछि क्षति भएको किसानहरूले बताएका छन्। बाराको कुल खेतीयोग्य जग्गा ६९ हजार ९ सय ६३ हेक्टरमध्ये यस वर्ष ११ हजार ६ सय ५३ हेक्टर क्षेत्रफलमा दलहन खेती गरिएको कृषि ज्ञान केन्द्रका प्राविधिक गेनालाल मण्डलले बताए। त्यसैगरी, हावाहुरीले तरकारी तथा फलफूल खेतीमा पनि क्षति पुऱ्याएको किसानहरूले बताए।

# जबरजस्ती करणीको कसूरमा तीनजना पक्राउ

प्रस, वीरगंज, २९ फागुन/

पर्सा प्रहरीले जबरजस्ती करणीको कसूरमा दुईजना र करणीको प्रयास गरेको कसूरमा एकजना गरी


अनिल कुशवाहा रोशनकुमार यादव अभिषेकदास थारू

तीनजनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साले वीरगंज महानगर, सखुवाप्रसौनी र पटेर्वासुगौलीबाट तीनजनालाई छुट्टाछुट्टै घटनामा पक्राउ गरेको हो। तीनजना अभियुक्तमध्ये एकजनाले विवाह गर्ने प्रलोभनमा बालिकालाई जबरजस्ती करणी गरेका थिए।

वीरगंज–३१ कटगेनवा बस्ने २२ वर्षीय अनिल कुशवाहाले १९ वर्षीया युवतीलाई २० वर्ष उमेर पुगेपछि विवाह गर्छु भनी २०७६ फागुन १६ गते टिकाटालो (छेका) गरेर उनलाई पटक–पटक करणी गरेका थिए। युवतीको उमेर पुगेपछि कुशवाहाले निजसँग बिहे नगरी अर्की केटीसँग विवाह गर्न लागेपछि उनीविरुद्ध जबरजस्ती करणी कसूरमा मुद्दा दर्ता भएपछि प्रहरीले शुक्रवार पक्राउ गरेको थियो।

यसैगरी, सखुवाप्रसौनी गापा–५ बलुवा टोल बस्ने १८ वर्षीय रोशनकुमार यादवले वर्ष १६ की किशोरीलाई गत फागुन ११ गते विवाह गर्छु भनी ललाइफकाइ जबरजस्ती करणी गरेको र त्यसपछि फागुन १३ गते घरबाट भगाएर भारतको गोरखपुरको होटलमा राखेर करणी गरेको र पछि घर फर्काएपछि घटना सार्वजनिक हुँदा यादवविरुद्ध परेको मुद्दामा प्रहरीले निजलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

त्यस्तै, फागुन २५ गते बिहान साढे ११ बजे २१ वर्षीया महिला गहुँ खेतमा घाँस काटिरहेको अवस्थामा पटेर्वासुगौली गापा–४ अकुवाटोल बस्ने १९ वर्षीय अभिषेक दास थारूले जबरजस्ती करणीको प्रयास गरेका थिए। निजविरुद्ध पनि प्रहरीमा मुद्दा परेको र थारूलाई पक्राउ गरिएको पर्सा प्रहरीले बताएको छ।

पक्राउ परेका तीनैजनाविरुद्ध जबरजस्ती करणीको अभियोगमा पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी हिरासतमा राखेर अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए।


स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी
- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।
